जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३०६ पृष्ठः ४ | २०८२ चैत्र १८ बुधबार (Wednesday 01 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## एसईई मर्यादित बनाउन सिरहा विकास मञ्चले बुझायो ध्यानाकर्षण पत्र



सिरहा, १७ चैत्र। सिरहा विकास मञ्चले यहि चैत १९ गतेबाट सुरुहुन लागेको माध्यमिक शिक्षा परीक्षा (एसईई)लाई स्वच्छ, निष्पक्ष र मर्यादित ढङ्गबाट सम्पन्न गराउनुपर्ने माँगसहित प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण पत्र बुझाएका छन्। परीक्षामासमेत विचौलियाहरुले प्रभावित गर्नेगरेका स्मरण गराउँदै जिल्ला परीक्षा समन्वय समितिका संयोजकसमेत रहेका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पाण्डेलाई संस्थाका पदाधिकारीहरुले आज ध्यानार्षणपत्र बुझाएका हुन्।

विकास मञ्चका संयोजक तथा अभियन्ता रामरिझन यादवसहितले बुझाएको ध्यानाकर्षणपत्रमा 'यहि २०८२ चैत १९ गतेदेखि हुन लागेको एसईई तथा कक्षा १२ को परीक्षा विद्यार्थीको भविष्यसँग गासिएको छ। तर विगत वर्षहरुमा देखिएको व्यापक नक्कल, परीक्षा केन्द्रहरुमा हुने सेटिङ्ग तथा प्रभाव र विचौलियाहरुको अस्वभाविक सक्रियताका कारण जिल्लामा परीक्षा प्रणालीको विश्वसनियतामाथि नै प्रश्नचिन्ह लाग्दै आएको छन' उल्लेख गरिएको छ।

शिक्षाजस्तो सम्वेदशील राज्यको एउटा महत्वपूर्ण अङ्गमा देखिएको यस प्रकारको विकृतिलाई नहटाउन्जेलसम्म जिल्लाको शैक्षिक अवस्थामा सुधार हुन सक्ने ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ। 'विशेषगरी परीक्षा प्रणलिमा देखिएको अनियमितता, नक्कल प्रवृति तथा फितलो अनुगमनका कारण शिक्षा क्षेत्रको गुणस्तर दिन प्रतिदिन खस्किदै गउको प्रति आम नागरिक, अभिभावक तथा जेहेन्दार विद्यार्थीहरुसमेत चिन्तित बनेका छन्।' मञ्चले बुझाएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ। जिल्लामा सञ्चालित ठूला र नाम चलेका निजी विद्यालयहरुले यस अघिका परीक्षामा अमर्यादित गतिविधी गर्न सम्वन्धित प्रभाव पर्नेगरेको आरोप लाग्दै आएको छ।

यस वर्षको एसईई सिरहाबाट ११ हजार ३७ विद्यार्थी सहभागी हुँदै छन्। परीक्षामा साधारणधार तर्फ १० हजार ६२५ र प्राविधिक धारतर्फका ४१२ जना विद्यार्थी परीक्षा सहभागी हुन लागेको हो। परीक्षामा साधारणतर्फको नियमित ९ हजार ८१२, ग्रेडविद्धिकालागि

-बाँकी दुई पेजमा

## अबदेखि लहानमै क्यान्सर सम्बन्धी विशेषज्ञ सेवा

सिरहा, १७ चैत्र। यहाँको लहानस्थित रामकुमार सारडा उमा प्रसाद मुररका प्रादेशिक अस्पतालमा अब क्यान्सर रोगसम्बन्धी विशेषज्ञ सेवा सञ्चालन हुने भएको छ। अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहताको विशेष पहलमा अस्पतालले नियमित रूपमा क्यान्सर उपचार तथा परामर्श सेवा प्रदान गर्ने निर्णय गरेको हो। अस्पतालका अनुसार, विराटनगरस्थित विराट टिचिङ अस्पतालमा कार्यरत र भारतको प्रतिष्ठित एम्स अस्पतालमा सेवा गरिसकेका अनुभवी क्यान्सर रोग विशेषज्ञ डा धीरज गुप्ताले लहानमा सेवा प्रदान गर्नु हुनेछ। अस्पताल र डा गुप्ताबीच आज भएको सहमति अनुसार प्रत्येक महिनाको दोस्रो हप्ताको सोमबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म बिरामीले विशेषज्ञ सेवा लिन सक्नेछन्।

अध्यक्ष मेहताले अस्पतालको सुधार र सेवा विस्तार आफ्नो प्राथमिकतामा रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले अस्पतालको समग्र व्यवस्थापन सुधार गर्दै सेवा विस्तारलाई मुख्य प्राथमिकता दिएका छौं। जग्गा नामकरणको प्रक्रिया टुङ्गिएपछि संरचनात्मक र सेवागत सुधारमा तीव्रता आएको छ।"

## नवौं गोलबजार मेयर गोल्ड कप चैत २३ बाट हुँदै, प्रथम पुरस्कार ४ लाख ४४ हजार ४४४ रुपैयाँ




सिरहा, १७ चैत्र। नवौं गोलबजार मेयर गोल्ड कप २०८२ यहि चैत २३ गतेबाट हुने भएको छ। गोलबजार नगरपालिकाले आज पत्रकार सम्मेलन गरी चैत २३ देखि २९ गतेसम्म हुने खेल तालिका सार्वजनिक गरेको हो। प्रतियोगितामा कोशि, मधेश र बागमती प्रदेशका ८ वडा क्लवहरुले भाग लिएका छन्। सिरहाको गोलबजारबाट गोलबजार युनाईटेड क्लव र गोलबजार स्पोर्टस् क्लव, सल्हेश युवा क्लव सिरहाले भाग लिएको आयोजकले जनाएको छ।

कोशिबाट राष्ट्रिय जागृति क्लव इटहरी, लालिगुराँस स्पोर्टस्

-बाँकी दुई पेजमा







## वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात ।

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## छिमेकीको विश्वास जोगाउने चुनौती

परराष्ट्र सम्बन्धमा सानो चुक पनि महँगो पर्न सक्छ। नेपालका शासकहरूले भने यदाकदा संवेदनहीन व्यवहारका कारण अप्ठेरो निम्त्याउने गरेका छन्। नयाँ सरकारमा देखिएको परिवर्तनप्रतिको अति उत्साह र महत्त्वाकांक्षा परराष्ट्रसम्बन्धमा भने नदेखिनु नै राष्ट्रिय हितमा हुने देखिन्छ। छिमेकमा दुई ठूला शक्ति राष्ट्र चीन र भारत रहेका र उनीहरूको सम्बन्ध प्रतिस्पर्धात्मक भएकाले पनि नेपाल थप संवेदनशील हुनुपर्छ। भारतसँग नेपालको निकटता र निर्भरताको सम्बन्ध छ। यही कारणले सम्बन्धमा प्रायः क्षणिक तनाव पनि उत्पन्न हुन्छ। तर, जनस्तरको निकटताका कारण सरकारी सम्बन्धमा उथलपुथलले जनजीवन भने बिरलै प्रभावित हुन्छ।

चीन र नेपालबीचको सम्बन्ध भने जनस्तरमा भन्दा सरकारी तहमा बढी प्रभावकारी रहिआएको छ। नेपालको आन्तरिक मामिलामा एकाध अपवाद छाडेर चीनले अहस्तक्षेपको नीति अपनाइआएको छ। ऐतिहासिकताका आधारमा हेर्ने हो भने अहिलेका ठूला शक्ति राष्ट्रहरूको अस्तित्वभन्दा पनि चीनसँगको नेपालको मैत्री सम्बन्ध पुरानो देखिन्छ। चीन र नेपालमा सन् १९५० कै हाराहारी राजनीतिक परिवर्तन भएको हो। त्यसयता चीनमा खासै राजनीतिक परिवर्तन नभए पनि नेपालमा भने केहीपटक शासन व्यवस्था नै बदलिएको छ र नयाँ अनुहार र शक्तिहरू सत्तामा पुगेका छन्। तर, अहिलेसम्म दुई देशबीचको मैत्री सम्बन्ध कहिल्यै कटुतापूर्ण भएको छैन।

भदौ २३–२४ मा जेन–जीका नाममा भएको आन्दोलनपछि भने चीनलाई बिच्क्याउने घटनाक्रम नेपालमा देखिनथालेका छन्। विशेषगरी निर्वासित तिब्बती समुदायसँग हिमचिम बढी भएका व्यक्तिहरू सरकारको निकट पुगेको सन्देह नेपाली समाजमा पनि प्रकट हुन थालेको देखिन्छ। यस्ता घटनालाई बेवास्ता गर्दा मैत्री सम्बन्धमा शिथिलता उत्पन्न हुन्छ। भदौ आन्दोलनमा टीओबी नामको नौलो र रहस्यमय संगठन पनि संलग्न देखियो। त्यो संगठन निर्वासित तिब्बती समुदायसँग सम्बन्धित रहेको आशंका गरिएको छ। नेपालले चीनको तिब्बतबाट भागेर आएका तिब्बतीहरूलाई शरण त दिइआएकै छ तर तिनलाई चीनविरुद्धका गतिविधि गर्ने छुट भने दिएको छैन। नेपालले तिब्बतलाई चीनको अभिन्न अङ्गका रूपमा सधैँ नै स्वीकार गरेको छ।

सम्भवतः एक चीनको नीतिप्रतिको अटल प्रतिबद्धताकै कारण चिनियाँ सरकारले पनि नेपालप्रति सद्भाव राख्दैआएको छ। विगतका कतिपय घटनाबाट चीन र नेपाल सुखका मात्र नभई दुःखका पनि अभिन्न मित्र साबित भएका छन्। नेपालले यस निकट मैत्री सम्बन्धप्रति गर्व मानेको छ। भदौ आन्दोलनपछि भने एकाएक निर्वासित तिब्बती समुदायले नेपाल सरकारसँग सम्बन्ध सुमधुर बनाउन खोजेको देखिएको छ। भदौ २३ पछि नै नेपाल सरकारका प्रधानमन्त्रीलाई कथित निर्वासित तिब्बती सरकारका तर्फबाट बधाई सन्देश आउन थाल्यो। त्यसपछि चिनियाँ सहयोग कार्यक्रम बीआरआईप्रति नेपाली पक्षले अपेक्षाकृत बढी उदासीनता देखाउनु सन्देहको विषय हो।

नेपाली भूमि कुनै पनि राष्ट्रका विरुद्ध प्रयोग हुन दिनु हुँदैन। त्यसमा पनि भारत र चीनविरुद्ध नेपाली भूमिको प्रयोग त आत्मघाती नै हुन्छ। यसैले चीन र भारत दुवैको विश्वास र सद्भाव कायम राख्न नेपाल सरकार सधैँ सजग रहनुपर्छ। छिमेकीका मनमा चिसो पस्ने क्रियाकलाप नेपालबाट नहोस्। अहिलेसम्म राष्ट्रिय स्वतन्त्र पार्टीलाई संस्थागतरूपमै चीनविरोधी क्रियाकलापमा संलग्न भएको सन्देह गर्नुपर्ने अवस्था देखिएको छैन। यसैले चीनविरोधी क्रियाकलापमा संलग्न तिब्बती समुदायसँग हिमचिम बढाएर चीनलाई चिढ्याउने मूर्खता रास्वपाको सरकारले नगर्ने अपेक्षा गर्न सकिन्छ। हेक्का रहोस्, चीनले सन्देह गर्नुपर्ने कुनै पनि क्रियाकलाप नेपालकै राष्ट्रहित विपरीत हुन्छ।

# शासकीय सुधारका कार्यसूचीः एक महिनाभित्र बन्नेछन् यी समिति, कार्यदल र अध्ययन टोली

काठमाडौँ, १७ चैत्र। सरकारको कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची कार्यान्वयनका क्रममा एक महिनाभित्र विभिन्न समिति, कार्यदल र अध्ययन टोली गठन हुँदैछन्।

उक्त कार्यसूचीको बुँदा नं ७ मा गत भदौ २४ गते भएका घटनाको सत्यतथ्य छानबिन गर्न एक हप्ताभित्र एक उच्चस्तरीय छानबिन समिति गठन गरिने उल्लेख छ। उक्त समितिलाई घटनासम्बन्धी सम्पूर्ण विवरण सङ्कलन, विश्लेषण तथा जिम्मेवार पक्ष पहिचान गरी निश्चित समयसीमाभित्र प्रतिवेदन पेस गर्न कार्यादेश दिने तथा समितिको सिफारिसका आधारमा आवश्यक थप कारबाही प्रक्रिया अघि बढाउने सरकारको तयारी छ।

भ्रष्टाचार गर्ने, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहनेगरी १५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने विषय कार्यसूचीमा समेटिएको छ। उक्त समितिमा कानुन, अर्थ, राजस्व तथा अनुसन्धान क्षेत्रका विज्ञ तथा सम्बन्धित निकायका प्रतिनिधि रहनेछन्। सोका लागि आवश्यक कानुनी तथा प्राविधिक संयन्त्र विकास गरी सम्पूर्ण प्रक्रिया पारदर्शी र नतिजामुखी हुने सुनिश्चित गरिने सूचीमा उल्लेख छ। उक्त समितिलाई आवश्यक कागजात, विवरण तथा अभिलेख सङ्कलन, विश्लेषण तथा सिफारिस गर्नेलगायतका अधिकार प्रदान गरिनेछ।

पहिलो चरणमा २०६२/६३ देखि २०८२/८३ सम्म सार्वजनिक पदधारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरणको सङ्कलन तथा छानबिन गरिनेछ। समितिले दोस्रो चरणमा विसं २०४८ देखि २०६१/६२ सम्मको अवधिमा सार्वजनिक पदधारण गरेका सोही प्रकृतिका पदाधिकारी तथा कर्मचारीको सम्पत्ति छानबिन गर्नेछ। छानबिन प्रक्रियालाई कानुनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रूपमा सञ्चालन गर्ने तथा समितिले पेस गरेको प्रतिवेदन तथा सिफारिस सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने उल्लेख छ।

अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाको समग्र मूल्याङ्कन गरी खारेज, एकीकरण वा पुनर्संरचना गर्न उच्चस्तरीय कार्यदल गठन गर्ने कार्यसूचीमा राखिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि रहेको सो कार्यदललाई एक महिनाभित्र स्पष्ट सिफारिससहितको प्रतिवेदन पेस गर्न कार्यादेश दिने उल्लेख छ।

यसैगरी, रुग्ण आयोजना, ठेक्का तोडिएका परियोजना र प्रतिफलविहीन लगानी भइरहने समस्या समाधान गर्न ३० दिनभित्र अध्ययन टोली गठन गरी उक्त टोलीले आयोजनाको औचित्य र सम्भाव्यता मूल्याङ्कन गरी निरन्तरता दिनुपर्ने वा नपर्ने अवस्थाको बारेमा सिफारिस गर्ने विषय कार्यसूचीमा समेटिएको छ। लगानी बोर्ड नेपाल, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, उद्योग विभागलगायतका निकायहरूबीच रहेको कार्य जिम्मेवारीको दोहोरोपन अन्त्य गर्न ३० दिनभित्र एकीकृत संरचनाको विस्तृत सङ्गठन तथा व्यवस्थापन सर्भेका लागि तत्काल एक कार्यदल गठन गर्ने कार्यसूचीमा उल्लेख छ।

उक्त कार्यदलले लगानी प्रवर्द्धन, निर्यात विस्तार तथा प्रवर्द्धन, उद्योग विकास, परियोजना संरचना तथा विकास वित्तसम्बन्धी कार्यहरूलाई एकीकृत रूपमा एकल विन्दु सेवा प्रणालीमा रूपान्तरण गर्न स्पष्ट रोडम्याप, कार्यात्मक संरचना तथा आवश्यक कानुनी व्यवस्थासहितको प्रतिवेदन पेस गर्नेछ। सो प्रतिवेदनका आधारमा आवश्यक संस्थागत तथा कानुनी सुधार प्रक्रिया तत्काल अगाडि बढाइनेछ।

अन्तरराष्ट्रिय तथा क्षेत्रीय सङ्कटहरूको प्रभाव अध्ययन गर्न अन्तर–मन्त्रालय कार्यदल गठन गर्ने, सोको आधारमा आवश्यक नीति तथा रणनीति तयार गर्ने कार्य परराष्ट्र मन्त्रालयको संयोजकत्वमा ३० दिनभित्र सम्पन्न गर्ने शासकीय सुधारसमबन्धी कार्यसूचीमा उल्लेख छ।

मध्यपूर्वका देशहरूमा विकसित हुँदै गएको परिस्थितिका कारण नेपालमा आर्थिक, वैदेशिक रोजगारी, आपूर्ति शृङ्खला, ऊर्जा तथा सामाजिक क्षेत्रमा पर्नसक्ने बहुआयामिक प्रभावहरूको समयमै मूल्याङ्कन तथा व्यवस्थापन गर्न सम्बन्धित मन्त्रालयको प्रतिनिधित्व रहनेगरी एक उच्चस्तरीय अन्तर–मन्त्रालय अध्ययन कार्यदल गठन गरिनेछ। उक्त कार्यदलले विस्तृत अध्ययन गरी ७ (सात) दिनभित्र अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीतिगत तथा कार्यक्रमगत उपायहरूसहित प्रतिवेदन पेस गर्ने सो प्रतिवेदनका आधारमा आवश्यक निर्णय तथा कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाउने कार्यसूचीमा जनाइएको छ।

**संविधान संशोधन बहसपत्र कार्यदल गठन**

शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं ४ मा उल्लेखित विषय कार्यान्वयन गर्न सोमबारको मन्त्रिपरिषद्ले संविधान संशोधन बहसपत्र तयार गर्नका लागि प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा संसद्मा प्रतिनिधित्व गरेका राजनीतिक दलको सहभागितामा कार्यदल गठन गर्ने निर्णय गरिसकेको छ। कार्यसूचीमा देशको दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार, निर्वाचन प्रणालीलगायत विषयमा संविधान संशोधनसम्बन्धी विषयहरूमा राष्ट्रिय सहमति निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सात दिनभित्र 'संविधान संशोधन बहस पत्र' तयार गर्न कार्यदल गठन गर्ने तथा उक्त बहस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी र तथ्यमा आधारित बनाउने उल्लेख छ।

# इलाका प्रहरी कार्यालय समनपुरको भवन शिलान्यास

**प्रवीण कुमार शर्मा**

रौतहट, १७ चैत्र। रौतहटको गढिमाइ नगरपालिका वडा १ मा रहेको इलाका प्रहरी कार्यालय समनपुरको भवन शिलान्यास गरिएको छ। नगरपालिकाका प्रमुख श्याम प्रसाद यादव, प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव, वडा १ का वडा अध्यक्ष रामपुकार यादव, वडा २ का वडा अध्यक्ष दिपेन्द्र श्रेष्ठ र इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायव उपरीक्षक शंकर आचार्यले संयुक्त रुपमा इलाका प्रहरी कार्यालय समनपुरको भवनको शिलान्यास गर्नुभएको हो।

२०३४ सालमा स्थापित इलाका प्रहरी कार्यालय समनपुरको भवन पूर्ण रुपमा जिर्ण भएको र जिर्ण भवनबाट नै कार्यालय सञ्चालन हुँदै आएको छ। प्रहरी कार्यालयमा ९ जनाको दरबन्दी रहेको इलाका प्रहरी कार्यालय समनापुरका सइ इन्दिवर चौधरीले जानकारी दिनुभयो। इलाका प्रहरी कार्यालयको भवन निर्माणको लागि गढिमाइ नगरपालिकाबाट बजेट व्यवस्थापन गरिएको नगर प्रमुख यादवले बताउनुभयो। उहाँले रौतहटको पुरानो बजारको रूपमा रहेको समनपुरमा शान्ति सुरक्षा व्यवस्थापनका लागि सुबिधा सम्पन्न प्रहरी भवन अनिवार्य रहेको बताउनुभयो।

सिलान्यास कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यादवले प्रहरी भवन निर्माणका लागि सबैको सहयोग अनिवार्य रहेको बताउनुभयो। सिलान्यास कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि,कर्मचारी लगायत सर्वसाधारणको उपस्थिति रहेको थियो। दुइ वर्षमा सम्पन्न हुने गरि निर्माण हुन् लागेको ४ कोठे भवन निर्माणको लागि आशिर्वाद निर्माण सेवा गौर –५ रौतहटले मु अ कर सहित ५० लाख ४६ हजार ५५८ रुपैया आठ पैसामा ठेक्का सकार गरेको गढिमाइ नगरपालिकाले जनाएको छ।

इलाका प्रहरी कार्यालय भवनको निर्माण कार्य पूर्ण रुपमा गुणस्तरियता कायम राख्दै निर्माण हुने निर्माण कम्पनीका रुपेश झाले जानकारी दिनुभयो।

### एसईई मर्यादित ...

८१३ तथा प्राविधिक धारतर्फका नियमित ३६५ र ग्रेडव्रिद्धीकालागि ४७ छात्र–छात्रा परीक्षामा सहभागी हुने शिक्षा विकास तथा समन्वय इकाई सिरहाले जानकारी दिएको छ।

परीक्षामा सहभागी विद्यार्थीमध्ये ५ हजार ३०८ छात्रा र ५ हजार ७२९ छात्र रहेका छन्। परीक्षा सञ्चालनका लागि ५१ वटा परीक्षा केन्द्र तोकिएको छ। राष्ट्रिय परीक्षा बोर्डले एसईई परीक्षा यहि चैत १९ गतेदेखि २९ गतेसम्म बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन गर्ने तालिका छ।

### नवौं गोलबजार...

क्लव विराटनगर, ब्रदरहुड फुटबल क्लव उदयपुर बेलका र चात्या सा फुटबल क्लव दमक झापा प्रतियोगितामा सभागी भएका छन्। बागबतीबाट भने हेटौडा फूटबल एकेडेमीले प्रतियोगितामा सहभागी भएका छन्। पत्रकार सम्मेलनमा नगरप्रमुख मेयर श्याम कमार श्रेष्ठले स्थानीय खेलको विकास र पहिचानको निमित्त नगरपालिकाले पछिल्लो ९ वर्षदेखि निरन्तर मेयर गोल्ड कपको आयोजना गर्दै आएको बताए। उनले खेलको विकासमा नगरपालिका सधैं खेलाडीहरुको साथमा रहने बताउँदै भने, 'नगरले आयोजना गरेका बाहेक अन्य खेल र खेलाडीहरुलाई सहयोग गर्दै आएका छौं। आउँदा दिनहरुमा पनि त्यो निरन्तरता रहने छ। म खेलकुदको विकासमा सवैको हात्तेमालो आवश्यक रहेको देख्छु।' उनले फुटबल, क्रिकेट लगायतका खेलको विकासमा पालिकाले सहयोग गर्दै आएको र यो पटक कार्यक्रम र बजेट पनि छुट्याएको जानकारी दिए।

कुल २५ लाख बजेट विनियोजन गरिएको यस प्रतियोतिाको प्रथम पुरस्कार ४ लाख ४४ हजार ४४४ रुपैयाँ रासिको छ भने दोस्रो पुरस्कार २ लाख २२ हजार २२२ रुपैयाँको रहेको नगर प्रबक्ता तथा वटा नम्वर ६ का अध्यक्ष संजित लामाले जानकारी दिए। प्रतियोगिताका सर्वोत्कृष्ट एक जना, ७ खेलका ७ जना म्यान अफ द म्याच, उत्कृष्ट गोलकिपर र उत्कृष्ट कोचलाई पनि नगद पुरस्कारसहित सम्मान गरिने आयोजकले जनाएको छ। पत्रकार सम्मेलनमा उपप्रमुख मानती देवी साह, प्रमुख प्रशासकीय अधिकृत अनन्त कुमार पौड्याल र शिक्षा तथा खेलकुद विकास शाखाका अधिकृत सुवोद कुमार लामाको उपस्थिति रहेको थियो। प्रतियोगिताको सम्पूर्ण खेल गोलबजार नगरपालिका २ गुरुधामस्थित एकीकृत खेलग्राममा हुने आयोजकले जनाएको छ।

# सरकारले संविधान संशोधनका लागि कार्यदल बनाएकोमा मधेस केन्द्रित दल सकारात्मक



काठमाडौँ, १७ चैत्र। सरकारले संविधान संशोधनका लागि प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)का राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठन भएको संविधान संशोधन कार्यदललाई मधेस केन्द्रित दलहरूले सकारात्मक रूपमा लिएका छन्। संविधान जारी भएदेखि नै मधेस केन्द्रित दलहरूले अपूर्ण भएको भन्दै संशोधनको माग गर्दै आएका थिए।

संशोधनको बुँदामा आफूहरूका एजेन्डा पर्छन् कि पर्दैनन् भन्ने कुरा हेर्न बाँकी रहेको नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी बताउँछन्। 'संविधान संशोधनका लागि नै आफूहरुले थुप्रै संघर्ष गरेको, त्यसकै लागि जेलनेल भोग्यौं,' चौधरी भन्छन्। नयाँ सरकारले संविधान संशोधनका लागि कार्यदल गठन गर्नु सकारात्मक रहेको उनको भनाइ छ। संविधान संशोधन के-के विषयमा हुने भन्ने हेर्न बाँकी रहेको र त्यसका लागि आफूहरूसँग राय लिइन्छ कि लिइँदैन भन्ने कुरा पनि महत्त्वपूर्ण रहेको चौधरी भन्छन्। उनले आफूहरुले उठाउँदै आएको माग संविधानमा उल्लेख भएमा खुलेर स्वागत गर्ने बताए।

मधेस केन्द्रित दलहरू जनता समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय मुक्ति पार्टी लगायतले संविधान संशोधनलाई मुख्य एजेन्डा बनाएर आन्दोलन समेत गर्दै आएका थिए। जनमत पार्टीका महासचिव तथा मधेस प्रदेशसभा सदस्य चन्दन सिंह पनि संविधान संशोधनका लागि सरकारले लिएको निर्णण स्वागतयोग्य रहेको बताउँछन्। 'संविधान कमजोर छ, यसलाई बलियो बनाउनुपर्छ भनेर हामीले सुरूदेखि नै भन्दै आएका थियौं। प्रदेशलाई अधिकार सम्पन्न बनाउनुका साथै अन्य अधिकार र पहिचानका कुरा समावेश गर्नु, त्रुटिहरुलाई मिलाउने काम भयो भने हामीले यसलाई स्वागत गर्छौं,' उनी भन्छन्। तर संविधान संशोधन गर्दा सरकारले सर्वपक्षीय छलफल गर्नुपर्ने र कार्यदललाई समावेशी बनाउनुपर्नेमा उनको सुझाव छ।

हरेक सरकारसँग सम्झौता गर्दा मधेस केन्द्रित दलहरूको मुख्य माग नै संविधान संशोधन हुने गरेको छ। तर हालसम्मका कुनै सरकारले संविधान संशोधन गर्न सकेका छैनन्। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान संशोधनका लागि कार्यदल गठन गर्नुपर्छ भन्ने प्रस्ताव तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारमा प्रस्ताव लैजाँदा उनी सरकारबाटै बाहिरिनु परेको थियो। पछि तत्कालीन प्रधानमन्त्री ओली र तत्कालीन जसपा नेपालका अर्का अध्यक्ष महन्थ ठाकुरबिच पाँच सदस्यीय संविधान संशोधन गर्ने कार्यदल गठन गर्ने सहमति नै भएको थियो।

पछि ओली नेतृत्वको सरकार ढल्यो। जसपा नेपाल पनि विभाजन भयो। २०८१ मा एमाले र कांग्रेसबिच गठबन्धन हुँदा भएको सम्झौतामा संविधान संशोधनलाई प्राथमिकतामा राखिएको थियो। यसका लागि तत्कालीन सरकारमा रहेका कांग्रेस र एमालेले विज्ञ सम्मिलित आन्तरिक अध्ययन कार्यदल बनाएको थियो। तर सरकारले संविधान संशोधनको विषयमा आफूहरूसँग कुनै सल्लाह नगरेको भन्दै मधेस केन्द्रित केही असन्तुष्ट बनेका छन्। जसपा नेपालका केन्द्रीय समन्वय समितिका सदस्य डा. सुरेन्द्रकुमार झाले संविधान संशोधनका लागि मधेसबाट ३५ जनाले सहादत दिएकाले सरकारले निर्णय गर्नु स्वागतयोग्य बताए। आफूहरुको माग अनुसार यो सरकारले संविधान संशोधन गर्‍यो भने सबभन्दा खुसी आफूहरु हुने उनको भनाइ छ। 'तर अहिले गठन गरेको कार्यदलका संयोजक संविधान विज्ञ होइनन्, त्यसका जानकार होइनन्। अर्को कुरा त्यसमा कस्ता-कस्ता व्यक्तिलाई राखिनेछन् त्यो प्रमुख कुरा हो,' उनी भन्छन्।

# 'प्रदेश सरकारले नतिजामुखी बजेट निर्माण गरिने'

मोरङ, १७ चैत्र।कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आगामी आर्थिक वर्षदेखि नतिजामुखी बजेट निर्माण गर्ने प्रतिबद्धता जनाउनुभएको छ। कोशी प्रदेश योजना आयोगले सोमबार बैंक सूचना प्रणालीसम्बन्धी विराटनगरमा आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा प्रदेशसभाका सदस्यलाई राखेर योजना छनोट र योजना बैंकमा 'योजना इन्ट्री' गर्ने विषयमा प्राविधिक तथा सैद्धान्तिक जानकारी दिइएको थियो।

कार्यक्रममा आयोगका अध्यक्षसमेत रहनुभएका मुख्यमन्त्री कार्कीले विगतमा हामीले गर्दै गएको असन्तुलित अभ्यासलाई यसपटक गम्भीर रूपमा समीक्षा गरी सबै क्षेत्रमा नतिजा दिने गरेको बजेट बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले योजना बैंकलाई व्यवस्थित ढङ्गले सञ्चालन गरी यसपटकको बजेटमा बैंकमा आएका योजनालाई प्राथमिकता दिने बताउनुभयो।

मुख्यमन्त्री कार्कीले प्रदेश संरचनाले यसपटक देखिनेगरी काम गर्नका लागि आग्रह गर्दै यसअघि बजेट निर्माणमा भएका कमीकमजोरी यसपटक नदोरिने गरी जिल्ला तहबाट बजेट प्रविष्ट गर्ने प्रणाली विकास गरिएको जानकारी दिनुभयो। मन्त्री र सचिव पनि फेरिरहने परिपाटीले गर्दा विकासका गति अघि बढ्न नसकेका उहाँले गुनासो गर्नुभयो।

प्रदेश सरकारले प्रदेशभित्र रहेका विभिन्न विश्वविद्यालय र क्याम्पससँग प्रदेशको समग्र विकास सेवा प्रवाहसँग सम्बन्धित विषय साथै अनुसन्धान खोज र सम्भाव्यता अध्ययनका लागि सम्झौतापत्रमा हस्ताक्षर गरेको छ। प्रदेश योजना आयोगमार्फत परम्परागत रूपमा परिवारमा उत्पादन गरिँदै आइएको घरेलु मदिरा (रक्सी)को उत्पादन, गुणस्तर मापन, परीक्षण, बजारीकरण, ब्रान्डिङलगायत विषयका सन्दर्भमा त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान केन्द्रीय प्रविधि क्याम्पस धरानसँग सम्झौता गरिएको छ।

त्यस्तै, त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर क्याम्पस विराटनगर, पूर्वाञ्चल विश्वविद्यालय, कोशी प्रदेश मनमोहन प्राविधिक विश्वविद्यालयसँग पनि विभिन्न विषयमा सम्झौता गरिएको मुख्यमन्त्री कार्कीले उल्लेख गर्नुभयो। प्रदेश योजना आयोगका उपाध्यक्ष तारानाथ निरौलाले यो सम्झौता र आयोजना बैंकको कार्यान्वयनले प्रदेशको विकास र समृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। प्रदेश सरकारका प्रमुख सचिव राजेन्द्रप्रसाद पौडेलले प्रदेश सरकारले आयोजना बैंकलाई प्राथमिकता दिएर काम गर्ने बताउनुभयो।

कार्यक्रममा प्रदेशका सभामुख, विभिन्न मन्त्रीहरू, प्रदेश योजना आयोगका पदाधिकारी, प्रमुख सचिव, सचिवहरू, मुख्यमन्त्रीका सल्लाहकार, पत्रकार तथा शैक्षिक संस्थाका प्रतिनिधिको सहभागिता थियो।

# काठमाडौँका पूर्वप्रजिअ रिजाल पक्राउ

काठमाडौँ, १७ चैत्र। काठमाडौँका पूर्वप्रमुख जिल्ला अधिकारी छवि रिजाललाई प्रहरीले नियन्त्रणमा लिएको छ। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उहाँलाई आज बिहान कोटेश्वरको सुविधानगरबाट नियन्त्रणमा लिएको हो। गत भदौ २३ र २४ गते भएको आन्दोलनको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले उक्त आन्दोलनमा बल प्रयोग गर्न निर्देशन दिएको जनाउँदै तत्कालीन पूर्वप्रजिअ रिजाललाई कारबाही सिफारिस गरेको जनाइएको छ।

पक्राउ पर्नुभएका पूर्वप्रजिअ रिजाललाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाउने तयारी भइरहेको अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले रासससलाई जानकारी दिनुभयो। अब जिल्ला अदालतबाट म्याद थप गरी उहाँमाथि अनुसन्धान प्रक्रिया अघि बढ्नेछ।

# राजविराजमा मजदुर बजार



**सुधा देव**

सप्तरी, १७ चैत्र। सप्तरीको राजविराज बजारमा दिनहुँ ज्यालादारीमा काम गर्ने मजदुरको बजार लाग्ने गरेको छ। जिल्लाका मजदुरहरू प्रत्येक दिन जिल्लाको विभिन्न स्थानबाट बिहानैदेखि राजविराज स्थित रहेको गजेन्द्र चौकमा एकपछि अर्को आएर भेला हुन थाल्छन्। यहाँ भेला भएका मजदुरहरू कामको पर्खाइमा बस्ने गर्नुहुन्छ। काम गराउन आवश्यक भएका मालिकहरूको मनले खाएको मजदुर छान्ने र दिनको ज्याला तोक्दै कामका लागि लग्ने गरेको स्थानीयले बताउनुभएको छ।

दिनहुँ मजदुरीका लागि राजविराज आउने मजदुरले दैनिक मजदुरी गरेर परिवारको छाक टार्ने सपना बोकेर आएपनि मजदुरी पाएका मजदुरले दिनभरि काम गरेर आएको ज्यालाले परिवारको दैनिक टार्दै आएको राजविराज-३ का किरण दासले बताउनुभयो। महिला र पुरूष मजदुरीको लागि यो मजदुर बजारमा आएपनि कसले कुनदिन मजदुरी पाउने वा नपाउने निश्चित हुदैन्। दिनहुँ मजदुरीका लागि यश बजारमा आउने गर्नुभएकी अगिन साइर कृष्णम संवरण गाउँपालिकाकि किरण चौधरीले बताउनुभयो। घरतिरै काममा बोलाए मात्र यो बजार आउँदैनौ। काम पाएनौं भने कामको खोजिका लागि यहीं बजार आउने गरेको उहाँले बताउँनुभयो।

जिल्लाको विष्णु गाउँपालिकाका ६ का दिपक कुमार सरदार दिनहुँ खाजा बोकेर यश मजदुर बजारमा कामको खोजिमा आउने र काम पाएपछि दिनभरि मजदुरी गरेर घर फर्किने गरेपनि काम नपाएको दिन रित्तै हात फर्किन बाध्य हुनेगरेको उहाँले बताउँनुभयो। उहाँले भन्नुभयो, काम पाएपनि नपाएपनि कामको खोजी गर्न आउने ठाउँ नै यही हो। बजारबाट मजदुर बिक्न लागेको अर्थात काम पाउन लागेको करिव तीन दशक भएको अधिवक्ता राजेन्द्रप्रसाद देवले बताउनुभयो। उहाँले भन्नुभयो, "राजविराज बजार जिल्लाको सदरमुकाम भएकोले जिल्लाको विभिन्न ठाउबाट कामको खोजिमा यहाँको यो मुख्य चोक साविकको त्रिभुवन र हालको गजेन्द्र चोकमा भेला हुन थालेपछि ज्यादारीमा दैनिक काम गर्ने मजदुर खोज्न सर्वसाधारण यहाँ आउँन थालेका हुन्।"

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# लहानमा आधुनिक 'ब्लड बैंक' स्थापना हुने

सिरहा, १७ चैत्र। लहान नगरपालिकामा आधुनिक 'प्रमेश्वर–आत्माराम मुरारका ब्लड बैंक' निर्माण हुने भएको छ। रगतको अभावमा बिरामीले भोग्नु परिरहेको सास्तीलाई दृष्टिगत गर्दै लहान नगरपालिका, लायन्स क्लब र स्थानीय दाताका परिवारबीच सोमबार त्रिपक्षीय समन्वयमा यो परियोजना अघि बढाइएको हो।

ब्लड बैंक स्थापनाका लागि लहान नगरपालिका र लायन्स क्लबबीच औपचारिक सम्झौता भएको छ। यसका लागि लहान–१० स्थित निर्माणाधीन नगर अस्पतालसँगै जोडिएको तीन कठ्ठा जग्गा उपलब्ध गराउने सहमति भएको हो। भौतिक संरचना निर्माणका लागि लहानका प्रतिष्ठित उद्योगपति एवं समाजसेवी मुरारका परिवारले रु ४० लाख सहयोग गर्नुहुने भएको छ भने उक्त भवनको नाम स्वर्गीय प्रमेश्वर मुरारका र आत्माराम मुरारकाको स्मृतिमा राखिनेछ।

यसैगरी, लायन्स क्लबले ब्लड बैंकका लागि आवश्यक पर्ने रु एक करोड ५० लाखभन्दा बढी मूल्यका अत्याधुनिक प्राविधिक उपकरणहरू उपलब्ध गराउने सम्झौतामा उल्लेख छ। नगरप्रमुख महेशप्रसाद चौधरीले ब्लड बैंकको स्थापना यस क्षेत्रको स्वास्थ्य उपचारमा एउटा ठूलो उपलब्धि हुने बताउनुभयो। "लहान आसपासका सय किलोमिटर क्षेत्रसम्म भरपर्दो ब्लड बैंक नहुँदा आकस्मिक उपचारमा ठूलो समस्या थियो", उहाँले भन्नुभयो, "हाम्रो प्राथमिकता नागरिकको स्वास्थ्य हो र यो ब्लड बैंकको स्थापनाले आपतकालीन अवस्थामा रगत खोज्दै भौतारिनुपर्ने समस्यालाई जरैदेखि समाधान गर्नेछ।"

दाता पक्षका तर्फबाट मुरारीलाल मुरारकाले आफ्ना पिता र काकाको नाममा स्वास्थ्य क्षेत्रमा सेवा गर्न पाउनु गौरवको विषय भएको बताउनुभयो। उहाँका अनुसार स्वर्गीय प्रमेश्वर मुरारका र आत्माराम मुरारकाले लहानको प्रादेशिक अस्पताल, जेएस मुरारका बहुमुखी क्याम्पस, विज्ञान प्रयोगशाला र माडबाडी सेवा सदनजस्ता संस्थाको स्थापनामा महत्वपूर्ण भूमिका खेल्नुभएको थियो।

"हाम्रो परिवारले शिक्षा र स्वास्थ्यलाई सधैं प्राथमिकतामा राख्दै आएको छ", मुरारकाले भन्नुभयो, "अन्तरराष्ट्रियस्तरको ब्लड बैंक निर्माणपछि हामी अन्य सामाजिक क्षेत्रमा पनि सहयोग जारी राख्नेछौं।" यो केन्द्र सञ्चालनमा आएपछि लहानसहित छिमेकी जिल्ला सप्तरी, धनुषा र उदयपुरका बिरामीले प्रत्यक्ष लाभ पाउनेछन्।

# 'जनताका समस्या समाधानको पहल गर्छु'

**जीवछ यादव**

लहान, १७ चैत्र। सिरहा निर्वाचन क्षेत्र नम्बर–२ बाट प्रतिनिधि सभा सदस्यमा शिवशंकर यादव निर्वाचित हुनुभयो। उहाँ प्रतिनिधि सभा निर्वाचनमा दोस्रो पटक उम्मेदवार बन्नुभएको थियो। २०७९ सालको निर्वाचनमा हाम्रो नेपाली पार्टीबाट पहिलो पटक उम्मेदवार बनेको बेला उहाँले ६९९ मत ल्याएर चुनाव हार्नुभएको थियो। यादवले निरन्तर आफ्नो क्षेत्रका जनताको सुखदुःखमा साथ दिँदै आएको बताउनुभयो। फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट उम्मेदवारी दिनुभएको यादवलाई जनताले विगतमा गरेका सामाजिक कामकाजका कारण सहज स्वीकार गरी निर्वाचित गराएको उहाँको भनाइ छ। यस पटकको निर्वाचनमा यादवले ३९ हजार ५६१ मत प्राप्त गरी संसदीय यात्रा तय गर्नुभएको छ। उहाँले आफ्ना निकटतम प्रतिस्पर्धी संविधान सभाका सदस्यसमेत रहनुभएका नेपाली कांग्रेसका सिरहा जिल्ला सभापति रामचन्द्र यादवलाई २६ हजार ७४७ मतको अन्तरले पराजित गर्नुभएको हो। कांग्रेसका उम्मेदवार यादवले १२ हजार ८१४ मत प्राप्त गर्नुभएको थियो।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका अगुवामध्ये एक प्रतिनिधि सभा सदस्य यादव १० वर्षसम्म निरन्तर काठमाडौँमा रही सामाजिक काम गर्नुभएको थियो। रत्न राज्यलक्ष्मी क्याम्पसबाट राजनीतिशास्त्रमा स्नातकोत्तरसम्मको शिक्षा हासिल गर्नुभएको छ। काठमाडौँमा उखु किसानले गर्ने गरेको आन्दोलन, चेलीबेटीको न्यायका लागि गरिएको अभियान, कोभिडको महामारीमा सिलिन्डर तथा निःशुल्क खाना वितरण कार्यमा सहभागी हुने गर्नुभएको थियो। सामाजिक कार्य गरिरहेका सांसद यादवले पछि राजनीतिमा सक्रिय भएको बताउनुभयो।



जेनजी आन्दोलनपछि पूर्वप्रधान न्यायाधीश सुशीला कार्की नेतृत्वमा गठन भएको अन्तरिम सरकारको समयमा सिरहाका विभिन्न समस्या समाधानमा उहाँले अग्रसरता देखाउनुभएको थियो। तराई मधेशको जीवन रेखाका रूपमा रहेको हुलाकी सडकमा पर्ने कमला नदीको पुल निर्माण, किसानले भोग्दै आइरहेको बिउबिजन तथा मलखादलगायत स्थानीय समस्या समाधानका लागि गरिएको पहलका कारण यति फराकिलो मतान्तरले चुनावमा जित निकाल्न सहज भएको उहाँले सुनाउनुभयो। उहाँले जनतासँग गरिएका वाचा पूरा गराउने काममा आफूले निरन्तर लागि रहने बताउनुभयो।

गोरखापत्रसँगको कुराकानीमा उहाँले शिक्षा, स्वास्थ्यसहित जनताको अधारभूत आवश्यकताका विषयलाई प्राथमिकतामा राखेर कामकाज हुन्छ। उहाँले भन्नुभयो, "जेनजी सहिदको सपना साकार गर्न सरकारलाई घचघचाउने काम गरिरहने छौं।" उत्तरमा चुरे दक्षिणमा भारतीय सीमासँग फैलिएको सिरहा क्षेत्र नम्बर २ मा चुनावमा मतदातासँग भेट्ने क्रममा यहाँका धेरै समस्या आफूले राम्ररी बुझेको बताउँदै उहाँले ती समस्या समाधानका लागि आफू प्रयासरत रहने बताउनुभयो। उहाँले थप्नुभयो, "सामुदायिक विद्यालयको सुधार, स्वास्थ्य क्षेत्रका समस्या समाधान र कृषकको बाहुल्यता रहेको यस क्षेत्रका किसानको उत्पादन बढाउनेदेखि लिएर बजार व्यवस्थापनमा स्थानीय सरकारसँग समन्वय गरी कामकाज गर्ने उहाँको भनाइ छ।

उहाँले राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावमा वितरण गरेको वाचापत्रमा उल्लेख भएका बुँदाको कार्यान्वयन गराउन सदनमा निरन्तर आवाज उठाउनुका साथै स्थानीय समस्याको सूची बनाएर समाधानका लागि प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# इन्सेकद्वारा मानव अधिकार वर्ष पुस्तक २०२६ सार्वजनिक

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १७ चैत्र। आनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेशले मानव अधिकार वर्ष पुस्तक २०२६ सार्वजनिक गरेको छ। मंगलबार जनकपुरधाममा आयोजित एक कार्यक्रममा पुस्तकको ३३औं संस्करण सार्वजनिक गरिएको हो। कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेश सभा सदस्य तथा महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रुपा कुमारी यादवले मानव अधिकारका विषयमा निष्पक्ष छानबिन आवश्यक रहेको बताउनुभयो। उहाँले कुनै दवाव बिना मानव अधिकारका मुद्दामा निष्पक्षता कायम राख्नुपर्नेमा जोड दिनुभयो।

यस्तै कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुईटेलले राज्यले मानव अधिकार क्षेत्रमा गरेका सकारात्मक कार्यहरू पनि वर्ष पुस्तकमा समेटिनुपर्ने धारणा राख्नुभयो। त्यस्तै, मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक (डिआइजी) गोविन्द थपलियाले मानव अधिकारकर्मी निष्पक्ष हुनुपर्ने बताउँदै बिचौलिया र दबाबका कारण पीडितले न्याय पाउन कठिन हुने अवस्था रहेको उल्लेख गर्नुभयो।

यसैगरी राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका संयोजक बुद्धनारायण सहनीले मानव अधिकार संरक्षण र प्रवर्द्धनका विषयमा व्यापक छलफल आवश्यक रहेको बताउनुभयो। उहाँले मानव अधिकारलाई मूलधारमा ल्याउने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा सहभागीहरू मधेश प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रतिनिधि, मानव अधिकारकर्मी तथा महिला अधिकारकर्मी र पत्रकारहरुले वर्ष पुस्तकमा केवल पीडितहरूको तथ्याङ्क मात्र नभई न्याय प्राप्त गरेका घटनाहरू, साथै मानव अधिकार क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संघसंस्थाहरूको विवरण पनि समावेश गर्न सुझाव दिएका थिए।

कार्यक्रममा इन्सेक मधेशका संयोजक राजु पासवानले प्रस्तुत गर्नुभएको तथ्यांकअनुसार मधेश प्रदेशको राजधानी समेत रहेको धनुषा जिल्लामा मात्र दाइजोका कारण हिंसामा परेका महिलाको संख्या १२९ पुगेको छ, जुन देशकै सबैभन्दा उच्च रहेको उल्लेख गरिएको छ। साथै संयोजक पासवानले उक्त कार्यक्रममा छलफलमा उठेका सवालहरुलाई आगामी दिनमा सुधार गर्ने प्रतिवद्धता समेत जनाउनुभयो।


# सप्तरीमा १४ हजार मेट्रिक टन चैते धान उत्पादन हुने अनुमान

**विनय कर्ण**

सप्तरी, १७ चैत्र। सप्तरीमा यस वर्ष चैते धानको उत्पादनमा वृद्धि हुने भएको छ। गत वर्षको तुलनामा यस वर्ष खेती गरिएको क्षेत्रफल बढेकाले उत्पादनमा पनि बढोत्तरी हुने देखिएको हो। कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार गत आर्थिक वर्षमा दुई हजार ८०० हेक्टर क्षेत्रफलमा चैते धान लगाइएकोमा १३ हजार ३५६ मेट्रिक टन उत्पादन भएको थियो। यस वर्ष भने खेतीको क्षेत्रफल विस्तार भई तीन हजार १०० हेक्टर पुगेकाले १४ हजार ७८७ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ।

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किशुनदेव राउतले जिल्लाका किसानहरू अझै पनि खेतमा चैते धान रोप्न व्यस्त रहेकाले यो तथ्याङ्क अझै बढ्न सक्ने बताउनुभयो। सप्तरीको हावापानी चैते धानका लागि उपयुक्त हुनुका साथै स्थानीय तहहरूले कृषि विद्युतीकरणमा जोड दिएकाले पनि किसानहरू यसतर्फ आकर्षित भएका हुन्।

"अहिले पालिकाहरूले किसानका लागि खेतमै बिजुली पुऱ्याएका छन्। बोरिङ र स्यालो ट्युबेलबाट सिँचाइ सहज भएकाले चैते धान खेतीप्रति किसानको उत्साह बढेको छ," प्रमुख राउतले भन्नुभयो। उहाँका अनुसार सिँचाइको उचित व्यवस्था, समयमै बीउबिजन र मलखाद उपलब्ध भएमा चैते धानको उत्पादन अझै उल्लेख्य रूपमा वृद्धि गर्न सकिन्छ। सप्तरीका १८ वटा पालिकामध्ये छिन्नमस्ता, राजगढ, विष्णुपुर, तिलाठी कोइलाडी, महदेवा र रुपनी गाउँपालिकामा चैते धानको बढी खेती हुने गरेको छ। त्यस्तै हनुमाननगर कंकालिनी, बोदे बरसाइन, खडक र शम्भुनाथ नगरपालिकामा पनि चैते धानको उत्पादन राम्रो हुने गरेको ज्ञान केन्द्रले जनाएको छ।



मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)